# मिति २०७५/०६/०१ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६—५

**निर्णय नं १**

सिद्ध कुमाख गाउँपालिकाको गाउँसभाले आ.व. २०७४।७५ का लागि स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिकामा संचालित बाँझकाँडा लिफ्ट सिस्टम खानेपानी योजना आ व २०७४।७५ को असार मसान्त सम्म काम सम्पन्न हुन नसकी गाउँ सभाको निर्णय बमोजिम २०७५ असोज मसान्त सम्म म्याद थप भएकोमा उक्त योजना थपिएको समयअवधि भित्र सम्पन्न भएकोमा फरफारक गर्दै भुक्तानी भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडाहरुमा बसेका वडा समितिको बैठकको प्रतिलिपि त्यस्तो बैठक बसैको ७ सात दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

संविधान दिवस २०७५ विभिन्न क्रियाकलाप सहित वडा र गाउँपालिका स्तरमा मनाउने । साथै मिति २०७५।०५।३१ गते जिल्लामा संविधान दिवस मनाउने सम्बन्धमा जिल्ला समन्वय पदाधिकारीहरु र स्थानीय तहका पदाधिकारी तथा कार्यालय प्रमुखहरुको उपस्थितिमा बसेको बैठकको निर्णय बमोजिम जिल्लामा विभिन्न क्रियाकलाप सहित संविधान दिवस मनाउन प्रत्येक गाउँपालिका तथा नगरपालिकाले आर्थिक सहयोग गर्ने निर्णय अनुरुप यस गाउँपालिकाले रु १००००।-(दश हजार मात्र) आर्थिक सहयोग गर्ने र विभिन्न क्रियाकलापमा गाउँपालिकाले सहभागिता जनाउने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँपालिकाको सामुदायिक विद्यालयको सामाजिक परिक्षण यथासिघ्र सम्पन्न गर्न परिपत्र गर्ने र लेखापरिक्षणको लागि लेखापरिक्षकहरुको सुचिकृत गर्न सुचना प्रकाशन गर्ने सर्वसम्मतिले निर्णय गरियो।